## ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ | संख्या : ५ | प्रमाणिकरण : २०७७।०५।१३

प्रकाशन मिति : २०७७।०५।१३


## भाग - २

## ठाकुरबाबा नगरपालिका

**ठाकुरबाबा नगरपालिका प्राईभेट फर्मको दर्ता, अनुमति,नविकरण, खारेजी,अनुगमन र नियमन सम्बन्धि कार्यविधि,२०७७**

स्थानीय स्तरमै थोरै पुंजीको लगानी गरी स्वरोजगारका लागी स्थापना भएका स्थानीय स्तरका ब्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण, खारेजी अनुगमन र नियमन गर्न बान्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११को उपदफा (२) ज(६) मा रहेको व्यवस्था बमोजिम ठाकुरबाबा नगरपालिकाले यो प्राईभेट फर्मको दर्ता,अनुमति,नविकरण,खारेजी ,अनुगमन र नियमन सम्बन्धि कार्यविधि, २०७७ बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम प्राईभेट फर्मको दर्ता, अनुमति, नविकरण, खारेजी, अनुगमन र नियमन सम्बन्धि कार्यविधि,२०७७ रहको छ ।

(२) यस कार्यविधि ठाकुरबाबा नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधि ठाकुरबाबा नगरपालिका,नगरकार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन

ठाकुरबाबा नगरपालिका प्राईभेट फर्मको दर्ता, अनुमति,नविकरण, खारेजी,अनुगमन र नियमन सम्बन्धि कार्यविधि,२०७७

भएको मिति देखि लागु हुने छ ।

२.**परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ऐन" भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ सम्झनु पर्छ । सो शव्दले प्रदेशनं. ५ को प्राईभेट फर्म दर्ता ऐन २०७६ समेत लाई जनाउंछ ।

(ख) "नियमावली" भन्नाले प्रदेश नं. ५ को प्राईभेट फर्म दर्ता नियमावली, २०७६लाई सम्झनु पर्दछ ।

(ग) "प्राईभेट फर्म" भन्नाले निजि वा अन्य नामवाट कुनै एक व्यक्तीले उद्योग व्यापार वा व्यवसाय गर्ने फर्म सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले ठाकुरबाबा नगरपालिका भन्ने सम्झनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले ठाकुरबाबा नगरपालिका, नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(च) "प्राइभेट फर्म" दर्ता गर्ने अधिकरी भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीलाइ सम्झनु पर्दछ ।

३.**प्राईभेट फर्म दर्ता गर्न दर्खास्त दिनु पर्नेः**

(१) प्राईभेट फर्म दर्ता गर्न चाहने व्यक्तीले कार्यालयमा एकसय रुपैयाँ दस्तुर सहित अनुसुचि-१ बमोजिमको ढांचामा दर्खास्त दिनुपर्ने छ ।

(२) प्राईभेट फर्म दर्ता गर्न चाहने ब्यक्तीले आफ्नो फर्म दर्ता गर्न दर्खास्त दिंदा देहायका विवरण र कागजात सहित दर्तागर्ने अधिकारी समक्ष निवेदन दिनु पर्ने छ ।

(क) फर्मको नाम

(ख) फर्मको ठेगाना, सम्पर्क नं. ईमेल

(ग) फर्मको उदेश्य तथा त्यसले कारोवार गर्ने वस्तु तथा सेवाको विवरण

(घ) फर्म धनिको नाम ठेगाना तथा बाबु आमा,वाजे वज्यैको को नाम

(ङ) नेपाली नागरिकताको प्रमाणपत्र

(च) वडा कार्यालयको शिफारिस

(छ) कार्यालयले तोकेका आवश्यकता अनुसारका अन्य कागजात

४. **फर्म दर्ता दस्तुरः**

(१) यस कार्यालयमा रु. पाँच लाख पुंजी सम्मको प्राईभेट फर्म दर्ता गर्न सकिने छ र सो का लागी रु.एक हजार रुपैयाँ दर्ता दस्तुर लाग्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि महिला, अपांगता भएका व्यक्ती र दलित समुदायको व्यक्तीलाई उपदफा (१) मा उल्लेखित दस्तुरमा पचास प्रतिशत छुट हुनेछ ।

(३) अपांगता भएका व्यक्ती र दलित समुदायको व्यक्तीले उपदफा (२) बमोजिमको सुविधाको लागी आधिकारीक निकायवाट जारी गरिएका अपांगता भएका व्यक्ती र दलित समुदायको व्यक्ती पहिचान हुने प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत पेश गर्नु पर्ने छ ।

**५. <u>प्राईभेट फर्मको दर्ताः</u>** (१) दफा (३) बमोजिम प्राईभेट फर्म दर्ता गर्न दर्खास्त परेपछि कार्यालयले आबश्यक जांचबुझ गरि प्राईभेट फर्म दर्ता गर्न मनासिब देखेमा अनुसुचि-२ बमोजिको दर्ता किताबमा दर्ता गरी बाणिज्य सम्बन्धि फर्म भए अनुसुचि-३ बमोजिमको र उद्योग सम्बन्धि फर्म भए अनुसुचि-४ वमोजिमको प्रमाणपत्र दरखास्तवाला लाई दिनु पर्ने छ ।

(२) फर्म दर्ता गर्ने,नबिकरण गर्ने,अध्याबधिक गर्ने,खारेज गर्ने,लगाएतका अधिकार प्रमुख प्रशासकिय अधिकृतले आफु मातहतको कुनै अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

६. **<u>प्राईभेट फर्मको अवधि र नविकरणः</u>** (१) यस कार्यविधि बमोजिम दर्ता भएका प्राईभेट फर्मको अवधि ५आर्थिक बर्षको रहनेछ र सो अवधि भुक्तान भएपछि नबिकरण गर्दा ३ आर्थिक बर्षका लागी गरिने छ ।

(२) प्राईभेट फर्म नबिकरण गराउन चाहने प्राईभेट फर्मको धनिले उपदफा (१) को अवधि समाप्त भएको मितिले ६ महिना भित्र देहाय बमोजिमको कागजात संलग्न गरि कार्यालयमा अनुसुचि-५ वमोजिमको ढांचामा दर्खास्त दिनु पर्ने छ ।

(क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,

(ख) आयकर (स्थायी लेखा नंबर) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) अघिल्लो आर्थिक बर्षको कर तिरेको प्रमाण-पत्र

(३) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएमा कार्यालयले दफा ४ उपदफा (१) वमोजिम फर्म दर्ता गर्दा लाग्ने दस्तुरको बीस प्रतिशत दस्तुर लिई त्यस्तो प्राईभेट फर्म नविकरण गरिदिनु पर्नेछ ।

(४) उपदफा (२) को अवधि भित्र प्राईभेट फर्म नविकरण गराउन नसकेको प्राईभेट फर्मको धनिले आफ्नो प्राईभेट फर्म नविकरण गराउन नसकेको मनासिव कारण देखाई नविकरणका लागी दरखास्त दिएमा त्यसरी दिएको दरखास्त जांचवुझ गर्दा सो कारण मनासिव देखिए कार्यालयले प्राईभेट फर्मको नविकरण गराउने समय अवधि समाप्त भएको मिति बाट ६ महिना सम्म दफा ४ को उपदफा (१) बमोजिमको दस्तुरको पचास प्रतिशत दस्तुर र सो समय भित्र पनि नविकरण नगराएमा सो अवधि समाप्त भएको दिन देखि एक बर्ष सम्म दफा ४ को उपदफा (१) बमोजिम दस्तुर लिई त्यस्तो फर्मको नविकरण गर्न सकिने छ ।

(५) उपदफा (४) वमोजिमको म्याद भित्र पनि कुनै प्राईभेट फर्म नविकरण नगराएमा कार्यालयले फर्म खारेजी गर्ने छ।

**७. <u>दर्ता अध्यावधिक र नविकरणः</u> (१)** प्राईभेट फर्म दर्ता ऐन २०७६ जारी हुनु अघि प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको फर्मले एक वर्ष भित्र अनुसुचि-६ वमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्ने छ ।

(२) उपदफा (१) वमोजिम अध्यावधिक गर्न दर्खास्त परेमा कार्यालयले त्यस्तो फर्मको दर्ता अध्यावधिक गरी प्रमाण-पत्र दिनु पर्नेछ र दर्ता अध्याबधिक भएको फर्मको अवधि उक्त फर्म नविकरण गर्नु पर्ने फर्मको अवधि जति बांकी छ सो अवधि नघट्ने गरी सो आर्थिक बर्षको अन्तिम दिन सम्म कायम रहने छ ।

ठाकुरबाबा नगरपालिका प्राईभेट फर्मको दर्ता, अनुमति, नविकरण, खारेजी, अनुगमन र नियमन सम्बन्धी कार्यविधि, २०७७

(३) प्राईभेट फर्म दर्ता ऐन २०७६ को दफा ५ आकर्षक हुने प्राईभेट फर्महरुका हकमा त्यस्ता प्राईभेट फर्मका धनीले एकपटकका लागी ऐन प्रारम्भ भएका मितिले एक बर्ष भित्र अनुसुचि-७ वमोजिमको ढाँचामा फर्म नविकरण गरी अध्यावधिक गर्नका लागी एकसय रुपैयां दरखास्त दस्तुर सहित कार्यालयमा दर्खास्त दिन सक्नेछ।

(४) उपदफा (३) वमोजिम नविकरणका लागी दरखास्त परेमा खारेज नभएको फर्मको हकमा कार्यालयले फर्म धनिसंग प्रत्येक नविकरण अवधिका लागी लाग्ने दस्तुरको तेब्बर दस्तुर लिई नविकरण गरिदिन सक्नेछ र दर्ता अध्यावधिकको प्रमाणपत्र दिन सक्नेछ ।

८.<u>साईनबोर्ड राख्नु पर्नेः</u> प्राईभेट फर्म दर्ता भएपछि त्यस्तो फर्म धनिको नाम,फर्मको नाम,ठेगाना, दर्ता नं. र मिति प्रस्ट उल्लेख भएको प्रचलित मापदण्ड बमोजिमको साईनबोर्ड करोबार स्थलमा राख्नु पर्ने छ ।

९.<u>विवरण हेरफेर सम्बन्धि जानकारीः</u> (१) कुनै प्राईभेट फर्मको धनीले आफ्नो प्राईभेट फर्म दर्ता गराउँदा दिएको विवरण हेरफेर गर्न चाहेमा हेरफेर गर्नुपर्ने विवरणहरु खुलाई सो को लिखित जानकारी कार्यालयलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लिखित जानकारी प्राप्त भएपछि सो सम्बन्धमा जांचबुझ गरी कार्यालयले त्यस्तो विवरण हेरफेर गर्न पन्ध्र दिनभित्र स्वीकृती दिन सक्नेछ ।

(३) उपदफा (२) वमोजिमको संशोधनको जानकारी कार्यालयले सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समेत दिनु पर्नेछ ।

१०. <u>प्रतिलिपी लिन सकिनेः</u> (१) यस कार्यविधि बमोजिम प्रदान गरीएको प्रमाणपत्र हराएमा,नष्ट भएमा वा अन्य कुनै कारणवाट काम नलाग्ने भएमा फर्मको धनीले कार्यालयमा प्रतिलिपि लिनका लागी निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनको ब्यहोरा मनासिव देखिएमा कार्यालयले एक हजार रुपैयाँ प्रतिलिपि दस्तुर लिई निवेदकलाई प्रमाणपत्रको प्रतिलिपि उपलव्ध गराउनु पर्नेछ ।

११. <u>विवरण उपलव्ध गराउनु पर्नेः</u> कुनै प्राईभेट फर्महरुको विवरण कार्यालयले मागेमा त्यस्तो फर्मको धनीले सात दिन भित्र त्यस्तो बिबरण उपलव्ध गराउनु पर्ने छ र कुनै कारणबस सो समय भित्र विवरण उपलव्ध गराउन नसक्ने भएमा कार्यालयलाई लिखित रुपमा जानकारी गराई समय माग गर्नु पर्ने छ ।

(२) उपदफा (१) वमोजिम समय थपको लागी माग गरेमा अवस्था हेरी कार्यालयले त्यस्तो विवरण पेश गर्न वढिमा पन्द्र दिन सम्म समय थप गर्न सक्ने छ ।

१२. <u>खारेजीका लागी निवेदन दिनु पर्नेः</u> (१) फर्मधनीले मनासिब कारण देखाई आफ्नो फर्म खारेज गर्न चाहेमा फर्म दर्ताको सक्कल प्रमाणपत्र सहित आफ्नो फर्म खारेजीको लागी कार्यालयमा अनुसुची -८ बमोजिमको ढांचामा निवेदन दिन सक्ने छ ।

(२)उपदफा (१) बमोजिम खारेजीको लागी निवेदन परेकोमा कार्यालयले खारेजी गर्नु अघिसम्मको सम्पुर्ण बांकी बक्यैता, कर चुक्ता भएको प्रमाणपत्र पेश गर्न लगाई त्यस्तो प्राईभेट फर्मले तिर्न बुझाउन बाँकी रहेको कानुन वमोजिम लाग्ने दस्तुर तथा जरिवाना समेत निजवाट असुल गरी प्राईभेट फर्म खारेज गरी दर्ता किताब वाट लगत कट्टा गर्नु पर्ने छ ।

**१३. <u>अनुगमन सम्वन्धि व्यवस्थाः</u>** समय समयमा कार्यालयले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

**१४. <u>बचाउः</u>**(१) यसमा उल्लेख नभएका कुराहरु प्रचलित ऐन नियम र नगर कार्यपालिकाको निर्णय बमोजिम हुने छ

(२) प्रचलित कानुन बमोजिम यो कार्यबिधिमा समायानुसार परिमार्जन गर्न सकिने छ ।

(३) यस कार्यबिधिको ब्याख्या नगर कार्यपालिकाले गर्नेछ ।

(४) यस अघि सम्बन्धित निकायमा दर्ता भएका प्राइभेट फर्महरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

ठाकुरबाबा नगरपालिका प्राईभेट फर्मको दर्ता, अनुमति,नविकरण, खारेजी,अनुगमन नियमन सम्बन्धि कार्यविधि,२०७७

अनुसुचि-१

दफा ३ को उपदफा (१) संग संबन्धित

**<u>प्राईभेट फर्म दर्ता संवन्धि दरखास्त</u>**

मितिः२०   /   /

बिषयः प्राईभेट फर्म दर्ता गरिदिनु हुन ।

श्री ...........................................................................

ठाकुरबाबा नगरपालिका ,नगरकार्यपालिको कार्यालय सैनवार, बर्दिया ।

महोदय,

निम्न बमोजिम उद्योग /व्यापार व्यवसाय गर्न देहायमा उल्लेख भएको ..........................नामको प्राईभेट फर्म मेरो नाममा दर्ता गराउन ईच्छुक भएकोले आबश्यक कागजात सहित यो निबेदन पेश गरेको छु ।
लेखिएको व्यहोरामा कुनै कुरा झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

१.फर्मको पुरा नामः

२. फर्मको पुरा ठेगानाः

३.फर्मको उदेश्यः

४. फर्मको पुँजी

५. कारोवार गर्ने,वस्तु, सेवा तथा कामको विवरणः

६. प्राईभेट फर्मको धनिको तिन पुस्ते नाम,थर,वतनः

दरखास्तवालाको लेखात्मक रेखात्मक दुवै औंठाको सहिछापः

लेखात्मक सहिः                    दायाँ                    वायाँ

ईति सम्वत .................साल.........गते..........रोज शुभम् ।

ठाकुरबाबा नगरपालिका प्राईभेट फर्मको दर्ता, अनुमति नविकरण, खारेजी,अनुगमन र नियमन सम्बन्धि कार्यविधि,२०७७

अनुसुचि-२

**(दफा ५ को उपदफा (१) सँग संवन्धित)**

| दर्ता नं. | फर्म दर्ता मिति | फर्मको नाम | फर्मको उद्देश्य | फर्मको पूँजि | फर्मको ठेगाना | फर्म धनिको नाम/थर | फर्मधनीको स्थायी ठेगाना | फर्मधनिको / बुवा/ आमको नाम/थर | स्थायी लेखा नं. | फर्म धनीको संपर्क नं. | फर्म धनीको पासपोर्ट साईजको फोटो | फर्मधनीको सहि र औंठाछाप | प्रमाणीत गर्ने अधिकारीको सहिछाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |

ठाकुरबाबा नगरपालिका प्राइभेट फर्मको दर्ता, अनुमति,नविकरण, खारेजी,अनुगमन र नियमित गर्ने सम्बन्धी कार्यविधि,२०७७

अनुसुचि-३

( दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**बाणिज्य सम्बन्धि फर्म दर्ताको प्रमाणपत्र**

ठाकुरबाबा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय सैनवार,बर्दिया

| प्राईभेट फर्म धनिको फोटो |
|---|

प्रा.फ.दर्ता नं.

**प्रमाण-पत्र**

देहाय बमोजिमको बिबरण भएको ......................................फर्म मिति.........................मा प्राईभेट फर्म दर्ता सम्बन्धि कार्यबिधि २०७७ बमोजिम दर्ता गरी यो प्रमाणपत्र दिईएको छ ।

बिबरण

प्राईभेट फर्म धनी (प्रोपाईटर) को नाम/थर

फर्म धनिको नागरिकता नं......................

ठेगानाः

प्राईभेट फर्मको पुँजीः

प्राईभेट फर्मको उदेश्यः

...........................

मितिः

ठाकुरबाबा नगरपालिका प्राईभेट फर्मको दर्ता, अनुमति,नविकरण, खारेजी,अनुगमन र नियमन सम्बन्धि कार्यविधि, २०७७

## नवीकरणको विवरण

फर्मको नामः

| नविकरण गरेको मिति | नविकरण पछि बहाल रहने मिति | बुझाएको दस्तुर रु. | र.नं./भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

ठाकुरबाबा नगरपालिका प्राईभेट फर्मको दर्ता, अनुमति,नविकरण, खारेजी,अनुगमन र नियमन सम्बन्धि कार्यविधि,२०७७

अनुसुचि-४

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**उद्योग सम्बन्धि फर्म दर्ताको प्रमाण-पत्र**

ठाकुरबाबा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय सैनवार,बर्दिया

| फर्म धनिको फोटो |
|---|

प्रा.फ.दर्ता नं.

**प्रमाण-पत्र**

देहाय बमोजिमको बिबरण भएको ..............................फर्म मिति......................मा प्राईभेट फर्म दर्ता सम्बन्धि कार्यबिधि २०७७ बमोजिम दर्ता गरी यो प्रमाणपत्र दिईएको छ ।

प्राईभेट फर्म धनिको(प्रोपाईर) नाम/थरः

फर्म धनिको नागरिकता नं.....................

ठेगानाः

प्राईभेट फर्मको पुँजीः

प्राईभेट फर्मको उदेश्यः

विद्युत शक्ति(किलोवाट)

..........................

मितिः

ठाकुरबाबा नगरपालिका प्राईभेट फर्मको दर्ता, अनुमति,नविकरण, खारेजी,अनुगमन र नियमन सम्बन्धि कार्यविधि, २०७७

## नवीकरणको विवरण

फर्मको नामः

| नविकरण गरेको मिति | नविकरण पछि बहाल रहने मिति | बुझाएको दस्तुर रु. | रसिद नं./भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको सही | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

ठाकुरबाबा नगरपालिका प्राइभेट फर्मको दर्ता, अनुमति,नविकरण, खारेजी,अनुगमन र नियमन सम्बन्धि कार्यविधि,२०७७

अनुसुचि-५

दफा ६ को उपदफा (२) संग संबन्धित

**प्राईभेट फर्म नविकरण संवन्धि दरखास्त**

मितिः २०    /    /

बिषयः प्राईभेट फर्म नवीकरण गरिदिनु हुन ।

श्री ............................................................................

ठाकुरबाबा नगरपालिका ,नगरकार्यपालिको कार्यालय सैनवार, बर्दिया ।

महोदय,

मेरो नाममा रहेको ........................................ नामको प्राईभेट फर्म दर्ता नं. ................को नवीकरण गरी दिनु हुन अनुरोध गर्दछु । नवीकरणका लागी आबश्यक कागजातहरु यसै निबेदन साथ संलग्न छ ।

निवेदकः

प्राईभेट फर्म धनिको

नाम/थर..........................

दस्तखत...........................

ठेगानाः

ठाकुरबाबा नगरपालिका प्राईभेट फर्मको दर्ता, अद्यावधिकरण, खारेजी, नवीकरण र नियमन सम्बन्धि कार्यविधि,२०७७

अनुसुचि-६

दफा ७ को उपदफा (१) संग संबन्धित

**<u>प्राईभेट फर्म अद्यावधिक संवन्धि दरखास्त</u>**

मितिः२०   /   /

बिषयः प्राईभेट फर्म अध्यावधिक गरिदिनु हुन ।

श्री ..........................................................................

ठाकुरबाबा नगरपालिका ,नगरकार्यपालिको कार्यालय सैनवार, बर्दिया ।

महोदय,

देहाय बमोजिकको विवरण भएको प्राईभेट फर्म  मिति.....................मा दर्ता भै पिछल्लो पटक मिति .............मा नवीकरण भएकाले अद्यावधिक गरिदिनु हुन अनुरोध गर्दछु  ।

१.फर्मको पुरा नामः

२. फर्मको पुरा ठेगानाः

३.फर्मको उदेश्यः

४.फर्मले कारोवार गर्ने वस्तु तथा सेवा  तथा सेवाको विवरणः

५. वाजे/वज्यैको नाम/थरः-

६.वुवाको नाम/थरः-

७आमाको नाम/थरः-

८. सम्पर्क नं.

लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित कानुन वमोजिम  सहुँला बुझाउँला ।

निवेदकः

प्राईभेट फर्म धनिको

नाम/थर.....................

दस्तखत.....................

ठेगाना............................

ठाकुरबाबा नगरपालिका प्राईभेट फर्मको दर्ता, अनुमति,नविकरण खारेजी,अनुगमन र नियमन सम्बन्धि कार्यविधि,२०७७

अनुसुचि-७

दफा ७ को उपदफा (३) संग संबन्धित

**प्राईभेट फर्म नवीकरण र अद्यावधिक संवन्धि दरखास्त**

मितिः२० / /

बिषयः प्राईभेट फर्म नविकरण र अध्यावधिक गरिदिनु हुन ।

श्री ...........................................................................

ठाकुरबाबा नगरपालिका ,नगरकार्यपालिको कार्यालय सैनवार, बर्दिया ।

देहाय बमोजिकको विवरण भएको प्राईभेट फर्म मिति..............................मा दर्ता भएको र मिति .............मा नवीकरण गर्ने अवधि समाप्त भै नविकरण हुन नसकेकोले नवीकरण गरी अद्यावधिक समेत गरिदिनु हुन अनुरोध गर्दछु ।

१.फर्मको नामः

२. फर्मको ठेगानाः

३.फर्मको उदेश्यः

४.फर्मले कारोवार गर्ने वस्तु तथा सेवाको विवरणः

५.बाजे/बज्यैको नाम/थरः-

६.बुवाको नाम/थरः-

७.आमाको नाम/थरः-

८. सम्पर्क नं.

लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित कानुन वमोजिम सहुँला बुझाउँला ।

निवेदकः

प्राईभेट फर्म धनिको

नाम/थर.....................

दस्तखत.....................

ठेगाना.............................

ठाकुरबाबा नगरपालिका प्राईभेट फर्मको दर्ता, अनुमति,नविकरण, खारेजी,अनुगमन र नियमन सम्बन्धि कार्यविधि,२०७७

अनुसुचि-८

दफा १२ को उपदफा (१) संग संबन्धित

**प्राईभेट फर्म खारेजी संवन्धि दरखास्त**

मितिः२० / /

**बिषयः प्राईभेट फर्म खारेज गरिदिनु हुन ।**

श्री...............................................................

ठाकुरबाबा नगरपालिका ,नगरकार्यपालिको कार्यालय सैनवार, बर्दिया ।

महोदय,

मेरो नाममा रहेको ................................दर्ता नं....................भएको ..................................नामको प्राईभेट फर्म ..........................................कारणले गर्दा अबदेखि सन्चालन गर्न नसक्ने भएकोले दर्ता खारेज गरिदिनु हुन अनुरोध गर्दछु ।

निवेदकः

१.प्राईभेट फर्म धनिको

नाम/थर.................

ठेगानाः

दस्तखतः

**आज्ञाले**

रामहरि रिजाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिका प्राईभेट फर्मको दर्ता, अनुमति,नविकरण,खारेजी,अनुगमन र नियमन सम्बन्धि कार्यविधि,२०७७